# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL


प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

मिति २०७५।०२।०३

### नयाँ दल दर्ताका लागि निवेदन दर्ता

काठमाडौं । आज मिति २०७५ साल जेठ ३ गतेका दिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) विघटन र एकीकृत भई नयाँ पार्टीका लागि निर्वाचन आयोगमा निवेदन दर्ता हुन आएको छ ।

सो अवसरमा सम्माननीय प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष के.पी. शर्मा ओली र माननीय पूर्व प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहितका नेताहरू आज निर्वाचन आयोगमा आउनु भई माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवसहित अन्य माननीय आयुक्तहरूसँग भेट गर्नुभयो ।

भेटका अवसरमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूले दुई पार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकीकरण भएका छौं, कानुनी प्रक्रिया अनुसार पनि एकीकरण होस् भनेर आयोगमा निवेदन दिन आएको जानकारी गराउनुभयो । त्यसैगरी, माननीय पूर्व प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूले **नेपाल कम्युनिष्ट पार्टी** नामको नयाँ दल दर्ताका लागि आवश्यक काजगपत्रसहित उपस्थित भएको जानकारी गराउनुभयो । साथै सम्माननीय प्रधानमन्त्रीज्यूले तीनवटै तहको निर्वाचन मर्यादित, स्वतन्त्र र निष्पक्षरुपमा सम्पन्न गराउन निर्वाचन आयोग सफल भएकोमा आयोगका पदाधिकारी तथा कर्मचारीलाई हार्दिक बधाइ समेत दिनुभयो ।

सो अवसरमा माननीय प्रमुख निर्वाचन आयुक्त डा. यादवले राष्ट्रिय राजनीतिक दलहरूबीच एकीकरणको प्रक्रिया अगाडि बढ्नु राम्रो कुरा भन्नुभयो । भेटमा माननीय आयुक्तहरू नरेन्द्र दाहाल, इश्वरीप्रसाद पौड्याल र सुधीरकुमार शाह तथा आयोगका सचिव बेगेन्द्रराज शर्मा पौड्याल उपस्थित हुनुहुन्थ्यो ।

दीपक सुवेदी

सहसचिव